

महामन्त्रीका उम्मेदवार प्रदीप पौडेलको

# प्रतिबद्धता-पत्र

# महामन्त्रीका उम्मेदवार प्रदीप पौडेलको

# प्रतिबद्धता-पत्र

## *बहसदेखि नीतिसम्म, नीतिदेखि परिणामसम्म*

### प्रस्तावना

राष्ट्रियता, लोकतन्त्र र समाजवादको मूल आदर्शलाई आत्मसात् गर्दै नेपाली कांग्रेसलाई समयको पदचाप र नागरिकको आकांक्षाअनुरूप नीतिगतरुपमा प्रष्ट थप गतिशील, सबल र विधि-पद्धतिमा आधारित पार्टीका रूपमा रूपान्तरण गर्नु आजको प्रमुख कार्यभार हो। पार्टीमा आन्तरिक लोकतन्त्र सुदृढ तुल्याउँदै सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायसहितको "समुन्नत नेपाल" निर्माणका गर्न आसन्न १५औँ महाधिवेसनबाट महामन्त्री निर्वाचित भए पश्चात म देहायका कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछु:

### क) वैचारिक स्पष्टता, पार्टी सुदृढीकरण र सांगठनिक सुधार

१. **समावेशी सांगठनिक आधार:** लैंगिक समानता, सामाजिक न्याय र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई अंगीकार गर्दै सबै वर्ग, लिङ्ग, क्षेत्र र समुदायका नागरिकहरूलाई पार्टीका हरेक तह र संरचनामा समेटेर उनिहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न निरन्तर पहल गर्ने।

२. **डिजिटल अभिलेखीकरण र मूल्याङ्कन प्रणाली:** क्रियाशील सदस्यहरूको डिजिटल रेकर्डिङ (Digitalization) लाई संस्थागत गर्दै योगदानको निष्पक्ष मूल्याङ्कन गर्न वैज्ञानिक "अनुगमन तथा मूल्याङ्कन प्रणाली" विकास गर्ने तथा वडादेखि प्रदेशसम्मको तथ्याङ्कलाई केन्द्रीय कार्यालयसँग आबद्ध गरी आवधिक सांगठनिक प्रतिवेदन तयार गर्ने।

३. **प्रादेशिक नीति प्रतिष्ठान र प्रशिक्षण:** पार्टीको सिद्धान्त र नीतिमा

वैचारिक एकरूपता कायम गर्न प्रत्येक प्रदेशका “कांग्रेस प्रदेशस्तरीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान” लाई थप प्रभावकारी बनाउदै केन्द्रदेखि वडासम्म नियमित प्रशिक्षण र संवाद सञ्चालन गर्ने।

४. **प्राइमरी इलेक्सनः** निर्वाचनका लागि उम्मेदवार चयनमा आम क्रियाशील सदस्यले नै प्रत्यक्ष मतदानबाट उम्मेदवार छान्ने “प्राइमरी इलेक्सन”को व्यवस्था लागू गर्ने।

## ख) अन्तर्राष्ट्रिय सम्बन्ध र सन्तुलित कूटनीति

५. **राष्ट्रिय हितको नीतिः** राष्ट्रिय सहमति कायम गरी नेपालको सार्वभौमिकता र राष्ट्रिय हितलाई केन्द्रमा राख्दै छिमेकी राष्ट्र र विश्व समुदायसँग पञ्चशीलको सिद्धान्तमा आधारित सन्तुलित र परिपक्व परराष्ट्र नीति अंगिकारमा पहल गर्ने।

६. **आर्थिक कूटनीति र आर्थिक पुलः** नेपाललाई छिमेकमा रहेका उदयीमान आर्थिक शक्ति राष्ट्रहरूबीचको आर्थिक पुलका रूपमा विकास गर्न र विश्व बजारमा कुशलतापूर्वक प्रस्तुत हुन सक्ने गरी आर्थिक कूटनीतिको अभ्यासमा जोड दिने।

## ग) आधुनिक प्रविधि र नवप्रवर्तन

७. **नवीन प्रविधि र विश्व बजारमा युवाः** आर्टिफिस्यल इन्टेलिजेन्स, सुपर इन्टेलिजेन्स र नवीन प्रविधिको विकाससँगै सिर्जना भएका डिजिटल अवसरहरूको उपयोग गर्दै नेपाली युवालाई स्वदेशबाटै विश्व बजारसँग जोड्ने।

८. **पेपरलेस र डिजिटल सुशासनः** राज्यका सम्पूर्ण सेवा प्रवाहलाई क्यासलेस, फेसलेस, पेपरलेस र ई-गभर्नेन्स प्रणालीमा रुपान्तरण गर्दै नागरिकलाई बिनाझन्झट सहजै सेवा उपलब्ध गराउने।

## घ) सुशासन, पारदर्शिता र भ्रष्टाचारको अन्त्य

९. **सुशासनको प्रवर्द्धन र भ्रष्टाचारमा शून्य सहनशीलताः** मुलुकमा सुशासन कायम गर्नका लागि आवश्यक सबै प्रयास गर्ने। पारदर्शितालाई

लोकतन्त्रको आधारस्तम्भका रुपमा विकास गर्दै लैजाने। भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता (Zero Tolerance) को नीति लिँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता संवैधानिक र नियामक निकायलाई थप स्वायत्त र प्रभावकारी बनाउने।

१०. **सम्पत्ति सार्वजनिक र कानुनी अडिट:** राज्यका उच्च पदस्थ अधिकारीहरूको सम्पत्ति विवरण आवधिक रूपमा सार्वजनिक गर्ने र अनिवार्य कानुनी अडिट गर्ने व्यवस्था मिलाउने।

११. **कार्यसम्पादन मूल्याङ्कन र फिर्ता बोलाउने व्यवस्था:** पार्टीका तर्फबाट सरकारमा जाने मन्त्री र जनप्रतिनिधिहरूको सूचकमा आधारित रहेर कार्यसम्पादनको आवधिक समीक्षा गर्ने र कमजोरी देखिए फिर्ता बोलाउने (Right to Recall) संस्थागत प्रणाली बसाल्ने।

## ङ) आर्थिक समृद्धि, उत्पादन र प्रतिस्पर्धात्मक संघीयता

१२. **उत्पादनमुखी अर्थतन्त्र र कर सुधार:** विद्यमान आर्थिक संकट समाधानका लागि उत्पादनमुखी अर्थतन्त्र, निजी लगानी प्रवर्द्धन, युवा उद्यमीका लागि "स्टार्टअप फन्ड" र कर तथा अनुदान प्रणालीमा व्यापक सुधार गर्ने।

१३. **राष्ट्रिय गौरवका आयोजनाको तीव्र कार्यान्वयन:** राष्ट्रिय गौरवका आयोजनाहरू समयमै सम्पन्न गर्न उचित कानुनी तथा संस्थागत व्यवस्था मिलाउने।

१४. **निजी क्षेत्रमैत्री आर्थिक नीति:** निजी क्षेत्रको नेतृत्वमा आर्थिक तथा उत्पादनमूलक गतिविधि विस्तार गर्न आवश्यक नीतिगत सुधार र लगानीमैत्री वातावरणको व्यावहारिक प्रबन्ध गर्ने।

१५. **दुई दशकमा उच्च आय भएको मुलुक:** प्राकृतिक स्रोतको अधिकतम उपयोग र छिमेकको आर्थिक समृद्धिबाट लाभ लिँदै नेपाललाई पूर्वी एसिया-दक्षिण एसिया जोड्ने आर्थिक पुलका रूपमा विकास गरी आगामी दुई दशकमा उच्च आय भएको मुलुकमा स्तरोन्नति गर्ने।

१६. **प्रतिस्पर्धात्मक संघीयताको अभ्यास:** प्रदेशहरूबीच उत्पादन वृद्धि,

रोजगारी सिर्जना, व्यापार र विकासको स्तरमा भएको सुधारका आधारमा वित्तीय अनुदान जाने प्रणाली विकास गरी प्रतिस्पर्धात्मक संघीयता (Competitive Federalism) लागू गर्ने।

## च) युवा, रोजगारी सिर्जना र सीपमूलक शिक्षा

**१७. नयाँ पुस्ता र वार्षिक ५ लाख रोजगारी:** नयाँ पुस्ताको आवश्यकताअनुरूप देशभित्रै वार्षिक करिब ५ लाख रोजगारी सिर्जना गर्ने ठोस नीति तथा कार्यक्रम कार्यान्वयनमा लैजाने।

**१८. सीपमूलक शिक्षा:** शिक्षा प्रणालीमा समयसापेक्ष सुधार गरी विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रमलाई सीपमूलक र प्रविधिमैत्री बनाउँदै रोजगारी खोज्ने मात्र होइन, रोजगारी दिने जनशक्ति उत्पादन गर्ने।

**१९. डिजिटल अर्थतन्त्र :** नवीन प्रविधिको उपयोग गर्दै मुलुकलाई फ्रिल्यान्सिङ डिजिटल अर्थतन्त्र तर्फ लैजान आवश्यक कानुनी सहजीकरण र डिजिटल पूर्वाधार विकास गर्ने।

**२०. युवा उद्यमशीलतामा पुँजी प्रवाह:** युवाहरूलाई आर्थिक तथा उत्पादनशील क्रियाकलापमा संलग्न हुन सहज हुने गरी सहुलियतपूर्ण कर्जा र पुँजी प्रवाहको संस्थागत प्रबन्ध मिलाउने।

## छ) गैरआवासीय नेपाली (NRN) र वैदेशिक रोजगार

**२१. डायस्पोरा बोन्ड र "सधैँको नेपाली":** गैरआवासीय नेपालीहरूको ज्ञान, सीप र पुँजी नेपालको विकासमा भित्र्याउन Diaspora Investment Bond को प्रभावकारीता बढाउने तथा उनीहरूको अधिकार फराकिलो बनाउँदै "एक पटकको नेपाली, सधैँको नेपाली" को भावनालाई व्यवहारमा उतार्ने।

**२२. मर्यादित वैदेशिक रोजगारी र श्रमिक सुरक्षा:** वैदेशिक रोजगारीमा रहेका श्रमिकको हकहित, सुरक्षा र श्रम स्वीकृति प्रक्रियालाई पूर्ण डिजिटल र झन्झटमुक्त बनाउने।

**२३. प्रवासबाटै मतदानको अधिकार:** प्रवासमा रहेका नेपाली नागरिकहरूलाई

आगामी आम निर्वाचनदेखि विदेशबाटै मतदान (Right to Vote) गर्न पाउने गरी कानुनी र प्राविधिक व्यवस्थाका लागि पहल गर्ने।

## ज) समावेशी लोकतन्त्र, महिला र सामाजिक न्याय

**२४. अर्थपूर्ण समानुपातिक प्रतिनिधित्व:** राज्यका हरेक संरचना तथा शासन सञ्चालनका हरेक तहमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम र अल्पसंख्यकको अर्थपूर्ण र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने पहल लिने।

**२५. महिला उद्यमशीलता र आत्मनिर्भरता:** महिला उद्यमीहरूका लागि विशेष कर छुट र बिनाधितो ऋणको व्यवस्था विस्तार गरी आर्थिक रूपमा आत्मनिर्भर बनाउने कार्यक्रम ल्याउने।

**२६. निःशुल्क उच्च शिक्षा र आवास:** दलित, उत्पीडित, अल्पसंख्यक र विपन्न समुदायका बालबालिकाहरूका लागि उच्च शिक्षासम्मै पूर्ण छात्रवृत्ति र आवासको व्यवस्था गर्ने।

**२७. परम्परागत सीप र संस्कृतिको आधुनिकीकरण:** अल्पसंख्यक तथा जनजाति समुदायको परम्परागत सीप, कला र संस्कृतिलाई आधुनिकीकरण गरी व्यावसायिक आयआर्जनसँग जोड्ने राष्ट्रिय कार्यक्रम सञ्चालन गर्ने।

## झ) स्वास्थ्य, ज्येष्ठ नागरिक र सामाजिक सुरक्षा

**२८. स्वास्थ्य बिमाको पुनर्संरचना:** प्रत्येक नागरिकलाई गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाको प्रत्याभूति गर्न स्वास्थ्य बिमा कार्यक्रमको पुनर्संरचना गरी थप व्यवस्थित र प्रभावकारी बनाउने।

**२९. सुदृढ सामाजिक सुरक्षा:** ज्येष्ठ नागरिक, विपन्न, लोपोन्मुख, अपाङ्गता भएका व्यक्ति, आन्दोलनका घाइते तथा द्वन्द्वपीडितहरूको सामाजिक सुरक्षा र संरक्षणका लागि राज्यको अभिभावकीय भूमिका पुनरावलोकन गरी सबल बनाउने।

## ञ) वैचारिक पुनर्जागरण, नीति अनुसन्धान र नियमित नीति सम्मेलन

**३०. केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको भूमिका विस्तार:**

प्रतिष्ठान तथा पार्टीको बौद्धिक "थिंक-ट्याङ्क" लाई थप जिम्मेवारी सुम्पिने।

३१. **नियमित नीति सम्मेलन र खुला लोकतान्त्रिक बहस:** समसामयिक विषय र पार्टीका सिद्धान्तहरूको पुनरावलोकनका लागि नियमित रूपमा नीति सम्मेलन सञ्चालन गर्ने।

**जय नेपाल !**

**प्रदीप पौडेल**

उम्मेदवार, महामन्त्री

**नेपाली कांग्रेस**

२०८३।०६।२०